गण्डकी प्रदेश सरकार
**वन तथा वातावरण मन्त्रालय**
वन निर्देशनालय

# डिभिजन वन कार्यालय, तनहुँ

तनहुँ, दमौली

प.स.२०८२/०८३
च.नं. ५१४

गण्डकी प्रदेश सरकार
वन तथा वातावरण मन्त्रालय
वन निर्देशनालय
डिभिजन वन कार्यालय तनहुँ
दमौली, तनहुँ
२०७५

मिति : २०८२।०७।२५

विषय : काठ/दाउरा लिलाम बिक्रीको सुचना वेभ साईटमा राखी दिनु हुन ।

श्री वन तथा वातावरण मन्त्रालय
गण्डकी प्रदेश पोखरा ।

श्री वन निर्देशनालय
गण्डकी प्रदेश पोखरा ।

प्रस्तुत विषयमा वन नियमावली, २०७९ को नियम २५ र गण्डकी प्रदेश वन नियमावली, २०८१ नियम ७२ मा व्यवस्था भए वमोजिम यस जिल्लाको फुलवारी सामुदायिक वन उपभोक्ता समूह, म्याग्दे ५, तनहूँले स्वीकृत वन कार्ययोजना वमोजिम संकलन गरेका काठ दाउरा व्यापारिक प्रयोजनका लागि सिलवन्दी वोलपत्रवाट लिलाम विक्रीको लागि सुचना प्रकाशित गरेको हुँदा उक्त सूचना तहाँ मन्त्रालय/निर्देशनालयको वेभ साईटका राखी दिनु हुन प्रकाशित सुचना यसैसाथ संलग्न राखी पठाईएको व्यहोरा सादर अनुरोध छ ।

०८२।७।२५
.............
(मनोज रानाभाट)
डिभिजनल वन अधिकृत

# फूलवारी सामुदायिक वन उपभोक्ता समूह

म्याग्दे गा.पा. ५, तनहूँ

## वन पैदावार वोलपत्रद्धारा लिलाम विक्रीको सूचना

**प्रथम पटक सूचना प्रकाशन मिति :- ०८२/०७/२५**
**(प्रभाव दैनिक राष्ट्रिय पत्रिका)**

यस सामुदायिक वन उपभोक्ता समुहवाट आ.व. ०८०/०८१ मा संकलन गरी घाटगद्दी गरी राखेको तपसिल बमोजिमको वन पैदावार तथा जिल्ला वन पैदावार आपुर्ति समिति, तनहुंवाट विक्रीका लागि यस समुहमा फिर्ता भएको वन पैदावार हाल जे जस्तो अवस्थामा छ सोही अवस्थाबाट समुह वाहिर लिलाम प्रकृयाद्धारा विकी वितरण गर्ने भनी समुहको साधारण सभाबाट पारित भई डिभिजन वन कार्यालय, तनहुंको च.नं. ५०७ मिति २०८२।०७।२४ को लिलाम सहमति पत्र अनुसार उक्त वन पैदावार लिलाम विक्रीको लागि प्रथम पटक यो २१ दिने सुचना प्रकाशित गरिएको छ । इच्छुक वन पैदावारमा आधारित सूचिकृत उद्योग वा फर्मले तपशिलका शर्तहरु पुरा हुने गरी गोप्य सिलबन्दी वोलपत्र दाखिला गर्न आव्हान गरिन्छ ।

**तपसिल**

१) **वन पैदावारको विवरण :**

| वन पैदावारको | | | | | | | मुल्यांकन रु | | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| क.सं. | लट नं. | जात | किसिम | ग्रेड | थान | परिमाण (क्यु.फिट) | न्यूनतम मूल्य रु. (मु.अ.कर वाहेक) | संकलन खर्च रु. | |
| १ | १ | साल | गोलिया | A | ३३ | ३०८.०३ | ३,८५,०३७/५० | ३,५३,३१५/- | |
| | | | ,, | B | ६१ | ५८३.७२ | ५,२५,३४८/- | | |
| | | | ,, | C | २३ | ११७.७३ | ७०,६३८/- | | |
| | | **लट १ को जम्मा** | | – | **११७** | **१००९.४८** | **९,८१,०२३/५०** | **३,५३,३१५/-** | |
| २ | २ | साल | गोलिया | A | ८ | ११५.१७ | १,४३,९६२/५० | १,१८,७८०/- | |
| | | | ,, | B | २४ | २१०.०५ | १,८९,०४५/- | | |
| | | | ,, | C | ५ | २४.१६ | १४,४९६/- | | |
| | | **जम्मा** | – | – | **३७** | **३३९.३८** | **३,४७,५०३/५०** | **१,१८,७८०/-** | |
| ३ | | साल | दाउरा | – | – | ४ चट्टा | ४८,०००/- | ३६,०००/- | |
| | | **लट २ को जम्मा** | | | | – | **३,९५,५०३/५०** | **१,५४,७८०/-** | |

(२) बोलपत्र फाराम मिति २०८२/०८/१५ गते कार्यालय समयभित्र मात्र वितरण गरिनेछ । बोलपत्र फाराम मिति २०८२/०८/१६ गते दिनको १२ बजेभित्र समुहमा बुझाइ सक्नु पर्नेछ । उल्लेखित समयपछि आएका फारामलाई लिलाम बढाबढमा समावेश गरिने छैन ।

(३) वोलपत्र साथ कवुल गरेको रकमको १० प्रतिशतले हुन आउने रकम धरौटी स्वरुप यस सामुदायिक वन उपभोक्ता समूहको कृषि विकास बैंक लि. दमौलीमा रहेको खाता नं. ०३१६८००४९४६४९०१० मा जम्मा गरेको सक्कल भौचर समावेश गर्नु पर्नेछ ।

(४) वोलपत्र फारम प्रति लटको रु. १०००।- पछि फिर्ता नहुने गरी तिरी यस सामुदायिक वन उपभोक्ता समूह र डि.व. का.तनहूँबाट खरिद गर्न सकिनेछ । फाराम दस्तुर बैंक स्थित खातामा दाखिला गर्नु पर्नेछ ।

(५) लिलाम वढावढ हुने वन पैदावार घाटगद्धिस्थानमा गई हेर्न सकिनेछ ।

(६) लिलाममा भाग लिन ईच्छुक काष्ठ व्यवसायीले नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपी, काष्ठ व्यवसायीको प्रमाणपत्रको प्रतिलिपी, वन पैदावारमा आधारित सुचिकृत उद्योगको प्रमाणपत्रको प्रतिलिपी र मूल्य अभिवृद्दि कर दर्ता प्रमाणपत्रको प्रतिलिपी वा स्थायी लेखा नम्वर (PAN) दर्ता प्रमाणपत्रको प्रतिलिपी बोलपत्रसाथ पेश गर्नु पर्नेछ ।

(७) निर्धारित न्युनतम संख्याका र रीतपूर्वक पर्न आएका वोलपत्रहरु मिति २०८२/०८/१६ गते दिनको १.०० बजे सम्वन्धित वोलपत्रदाता वा निजको प्रतिनिधी लगायतका साक्षीहरुको रोहवरमा खोलिनेछ । वोलपत्रदाता उपस्थित नभएमा पनि वोलपत्र खोल्न बाधा पर्ने छैन ।

(८) लिलाम स्वीकृत भएको जानकारी प्राप्त भएको १० दिन भित्र सकार गरेको रकम तथा निर्धारित मूल्य अभिवृद्धि कर, संकलन खर्च छुट्टै बुझाई लिलाममा चढाएको वन पैदावार तोकिएको अवधिभित्र उठाई लैजानु पर्नेछ । तोकिएको समयमा जम्मा नगरे धरौटी जफत गरी क्रमश अर्को वोलपत्र सदर गरिनेछ ।

(९) वोलपत्रमा सकार रकम अंक र अक्षर दुवैमा लेख्नु पर्नेछ । अंक र अक्षर फरक परेमा अक्षरलाई मान्यता दिइनेछ ।

(१०) टेन्डर पेश गर्ने र खोल्ने स्थान यस सामुदायिक वन उपभोक्ता समूहको कार्यालयमा हुनेछ ।

(११) वोलपत्र सदर गर्ने नगर्ने अधिकार उपभोक्ता समुहमा रहेनेछ ।

(१२) माथि उल्लेखित शर्त पुरा नभई आएका वोलपत्रलाई मान्यता दिइने छैन ।

(१३) यसमा कुनै कुरा अस्पष्ट भएमा प्रचलित वन ऐन नियम वमोजिम हुनेछ । अन्य थप जानकारीको लागि समूहको कार्यलयमा सम्पर्क राखी बुझ्न सकिनेछ ।

..........................
(सविता गुरुङ)
अध्यक्ष